नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम,**
**कार्यक्रम कार्यान्वयन एकाइ,**
**मोरङ**

फोन नं. ०२१-५०३०४०
इमेल: pmamp.piumorang@gmail.com
वेभसाइटः piumorang.pmamp.gov.np

प.सं.२०८२/८३
च.नं. 68

मिति: २०८२/०८/१४ गते

**विषय :-सूचना टाँस गरी जानकारी गराईदिने सम्बन्धमा ।**

श्री महानगरकार्यपालिकाको कार्यालय,
(विराटनगर), मोरङ।
श्री नगरकार्यपालिकाको कार्यालय,
(उर्लावारी, लेटाङ्ग, सुन्दरहरैचा, पथरी शनिश्चरे, रंगेली, सुनवर्षि, रतुवामाई र बेलवारी), मोरङ।
श्री गाउँकार्यपालिकाको कार्यालय,
(कानेपोखरी, मिक्लाजुंग,केरावारी, बुढीगंगा, ग्रामथान, जहदा, कटहरी र धनपालथान), मोरङ।

प्रस्तुत बिषयमा राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, मोरङको मिति २०८२/०८/०९ गते प्रकाशित सूचना नं-६ र मिति २०८२/०८/१२ गते प्रकाशित सूचना नं.-७ "प्रस्ताव आह्वान सम्बन्धि सूचना" यसै पत्र साथ संलग्न राखि पठाईएको व्यहोरा जानकारीका लागी अनुरोध छ। सूचना प्राप्त भएपछि तहाँ कार्यालयको सूचना पाँटीमा टाँस गरी दिनु हुन साथै कृषि/पशु विकास शाखा र सम्वन्धित वडा कार्यालयहरुमा जानकारी गराईदिनु हुन अनुरोध छ।

.........................
(मनोज कुमार यादव)
वरिष्ठ कृषि अधिकृत

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ
मोरङ

☎०२१-५०३०४०
ईमेल:pmamp.piu.morang @gmail.com

## प्रस्ताव आह्वान सम्बन्धि सूचना

सुचना नं.-६

(प्रथम पटक प्रकाशित मिति :२०८२/०८/०९ गते)

यस राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम ,कार्यक्रम कार्यान्वयन एकाइ, मोरङको आ.व.२०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार "राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन म्यानुअल -२०७७,पहिलो संशोधन(२०८१)" बमोजिमको शर्तहरुको अधिनमा रही तपसिलका कार्यक्रम कार्यान्वयन गर्नका लागि मोरङ (धान सुपरजोन,मौरी जोन,तरकारी जोन र माछा जोन) र सुनसरी जिल्लाको (तरकारी जोन,धान जोन,माछा जोन,अदुवा बेसार जोन र बंगुर जोन )प्रभाव क्षेत्रका सूचिकृत भएका कृषक समुह/कृषि सहकारी/जल उपभोक्ता समिति /कृषि उद्यमी /फर्म /कम्पनीहरुले सुचना प्रकाशित भएको मितिले २१ औं दिन (२०८२/०८/२९ गते) भित्र कार्यालय समयमा तपसिलका आवश्यक कागजातका साथ प्रस्ताव दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिल

| क्र.सं. | कार्यक्रमको नाम | लक्ष्य | स्वीकृत बजेट (रु लाखमा) | अधिकतम अनुदान विवरण | कैफियत |
|---|---|---|---|---|---|
| मोरङ्ग र सुनसरी जिल्ला | | | | | |
| १. | चैते धानको क्षेत्रफल विस्तार | १००० हेक्टर | १५७ | ५०% देखी बढीमा ८५% सम्म अनुदान | • चैते धानको बिउमा (हर्दिनाथ-१,चैते-२,चैते-५ र चैते-६) अधिकतम ५०% अनुदान<br>• मेशिनरी औजार उपकरणमा (हाते धान रोप्ने मेशिन,थ्रेसर,स्प्रेयर आदि) अधिकतम ५०% अनुदान<br>• बाली उत्पादन उपरान्त व्यवस्थापन सामाग्री (त्रिपाल) अधिकतम ८५% अनुदान<br>• सिंचाई पुर्वाधार निर्माण (सौर्य सिंचाई,कुलो/पैनी मर्मत तथा सुधार) मा अधिकतम ८०% अनुदान<br>• चैते धानको क्षेत्रफल विस्तार कार्यक्रम सञ्चालनका लागी न्यूनतम ५ कठ्ठा क्षेत्रफलमा चैते धान लगाउनुपर्ने।<br>• विषादि तथा सुक्ष्मतत्वमा अधिकतम ८५% अनुदान<br>• सिंचाई मोटरमा बढीमा ५० % अन्य(बोरिङ्ग)मा बढीमा ८० % सम्म अनुदान |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ

☎०२१-५०३०४०
ईमेल:pmamp.piu.morang @gmail.com

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | • सौर्य सिंचाईका लागि बोरिङ्ग आफ्नै हुनुपर्ने।<br>• कार्यालयले उपलब्ध गराएको फारम अनुसार लागत अनुमान सहितको प्रस्ताव पेश गर्नु पर्ने । |
| २. | चक्लाबन्दीमा आधारित खेती मार्फत उत्पादन वृद्धिका लागि सहयोग | १ पटक | १५ | बढिमा ५०% अनुदान | •समुह/सहकारीको हकमा न्यूनतम १५ हे र फर्मको हकमा न्यूनतम १० हे हुनुपर्ने<br>•उपलब्ध हुने सुविधाहरु-कृषि पुर्वाधार निर्माण,बीउ,प्राङ्गगारिक मल/सुक्ष्मतत्व विषादि,कृषि औजार/उपकरण आदिमा अनुदान,प्राविधिक सेवाटेवा तथा बजारीकरण।<br>•खाद्यान्न बालिको हकमा बीजवृद्धि कार्यक्रम सञ्चालन गर्नुपर्ने साथै अन्य बालीको हकमा क्षेत्रविस्तार।<br>•तोकिएको कार्यविधि अनुसार प्रस्ताव तयार गरी पेश गर्नु पर्ने। |

<u>आवेदन साथ पेश गर्नुपर्ने कागजातहरु :</u>

१. रु. १० को टिकट सहितको अनुसुचि १० बमोजिमको निवेदन फारम।
२. निवेदकको नेपाली नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचय पत्रको प्रतिलिपि।
३. संस्थाको गत आ.व.२०८१/८२ को कर चुक्ता, दर्ता प्रमाणपत्र ,स्थाई लेखा नम्बर तथा निर्णयको प्रतिलिपि ।
४. कार्यक्रम सञ्चालन हुने स्थानको जग्गाधनि पुर्जा र जग्गाको मालपोत तिरेको रसिद ।
५. निर्माण कार्यका लागि जग्गाको चारकिल्ला खुलेको प्रमाणपत्र तथा ब्लुप्रिन्ट नक्सा।
६. कार्यक्रम सञ्चालन हुने स्थान (जग्गाधनि पुर्जा) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा कम्तीमा १० वर्षको सम्झौता पत्र ।
७. सम्बन्धित वडा /स्थानिय तहको सोही प्रकृतिको कामको लागि अनुदान नलिएको र सडक, सिचाई, विधुत, वित्तीय संस्थाको पहुंच, वजारको व्यवस्था खुल्ने गरी सिफारिस पत्र।
८. सम्बन्धित गाउँ/नगर/उपमहानगर/महानगर पालिकाको सम्बन्धित जग्गा कृषि जग्गामा वर्गिकरण भित्र परेको पत्र।
९. कार्यक्रम प्रस्तावना /निर्माण प्रकृतिको कामको लागि लागत स्टीमेट ; डिजाईनमा तथा स्पेसिफिकेसन समेत पेश गर्नुपर्नेछ।
१०.कार्यक्रम प्रस्तावको ढाँचा अनुसूची-१० अनुसारको निवेदन फारम कार्यालयको website:-piumorang.pmamp.gov.np बाट डाउनलोड गर्न सकिन्छ।
११.५०% साझेदारी लगानी गर्ने क्षमताको स्वीकार पत्र वा आधारहरु।

नोटः विगत दुई आ.व. भित्र अनुदान नलिएका कृषक समुह/ कृषि/जल उपभोक्ता समिति/कृषि सहकारी/कृषि उद्यमी/फर्म/कम्पनिहरुलाइ छनौटमा प्राथमिकता दिइने छ । थप जानकारीको लागि कार्यक्रम कार्यान्वयन एकाइ, मोरङको फोन नं. ०२१-५०३०४० / कृषि अधिकृत/सूचना अधिकारी ९८६९१६०६२१ र जोन प्राविधिक एकाइ सुनसरीको फोन नं. ०२५-५६०६७४/ कृषि अधिकृत ९८४२०३६४१३/९८५२०६०१२४ मा सम्पर्क राख्न सकिने छ ।

मनोज

नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

## राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम,
## कार्यक्रम कार्यान्वयन एकाइ,
## मोरङ

फोन नं. ०२१-५०३०४०
इमेल: pmamp.piumorang@gmail.com
वेभसाइट: piumorang.pmamp.gov.np

## प्रस्ताव आह्वान सम्बन्धि सूचना

**सुचना नं.-७**

**(प्रथम पटक प्रकाशित मिति :२०८२/०८/१२ गते)**

यस राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम , कार्यक्रम कार्यान्वयन एकाई, मोरङको आ.व. २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार "प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल -२०७७" बमोजिमको शर्तहरुको अधिनमा रही तपसिलका कार्यक्रम कार्यान्वयन गर्नका लागि मोरङ जिल्लाको माछा जोन प्रभाव क्षेत्र र सुनसरी जिल्लाको माछा जोन प्रभाव क्षेत्रका सूचिकृत भएका कृषक समुह/कृषि सहकारी/जल उपभोक्ता समिति /कृषि उद्यमी /फर्म /कम्पनीहरुले पुन सुचना प्रकाशित भएको मितिले २१औं दिन (२०८२/०९/०३ गते) भित्र कार्यालय समयमा तपसिलका आवश्यक कागजातका साथ प्रस्ताव दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ। रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कार्वाही नहुने व्यहोरा समेत जानकारि गराईन्छ।

**तपसिल**

| क्र.सं. | कार्यक्रमको नाम | अधिकतम अनुदान | कैफियत |
|---|---|---|---|
| **माछा जोन लागु भएका क्षेत्रहरुमा, मोरङ र सुनसरी जिल्ला** | | | |
| १. | महाजाल खरिद | बढीमा ७५ % सम्म अनुदान | कार्यालयले उपलब्ध गराएको फारम अनुसार लागत अनुमान सहितको प्रस्ताव पेश गर्नु पर्ने। |
| २. | माछा चुन वितरण | बढीमा ७५ % सम्म अनुदान | कार्यालयले उपलब्ध गराएको फारम अनुसार लागत अनुमान सहितको प्रस्ताव पेश गर्नु पर्ने। |

**आवेदन साथ पेश गर्नुपर्ने कागजातहरु :**

१.रु १० को टिकट सहितको अनुसुचि १० बमोजिमको निवेदन फारम।
२. निवेदकको नेपाली नागरिकताको प्रमाणपत्र तथा राष्ट्रिय परिचय पत्रको प्रतिलिपि।
३. संस्थाको गत आ.व.२०८१/८२ को कर चुक्ता, दर्ता प्रमाणपत्र तथा निर्णयको प्रतिलिपि ।
४. कार्यक्रम सञ्चालन हुने स्थानको जग्गाधनि पुर्जा र जग्गाको मालपोत तिरेको रसिद ।
५. कार्यक्रम सञ्चालन हुने स्थान (जग्गाधनि पुर्जा) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा कम्तीमा १० वर्षको सम्झौता पत्र ।
६. सम्बन्धित वडा /स्थानिय तहको सोही प्रकृतिको कामको लागि अनुदान नलिएको र सडक, सिचाई, विधुत, वित्तीय संस्थाको पहुंच, वजारको व्यवस्था खुल्ने गरी सिफारिस पत्र।
७.कार्यक्रम प्रस्तावको ढाँचा अनुसूची-१० अनुसारको निवेदन फारम कार्यालयको website:-piumorang.pmamp.gov.np बाट डाउनलोड गर्न सकिन्छ।

नोटः आधिकारिक आवेदक स्वंय उपस्थित भई आवेदन दर्ता गराउनुपर्ने छ। अन्य वा अनाधिकारिक व्यक्तिबाट प्राप्त आवेदन दर्ता हुने छैन्। विगत दुइ आ.व. भित्र अनुदान नलिएका कृषक समुह/ कृषि/जल उपभोक्ता समिति/कृषि सहकारी/कृषि उद्यमी/फर्म/कम्पनिहरुलाइ छनौटमा प्राथमिकता दिइने छ ।थप जानकारीको लागि परियोजना कार्यान्वयन एकाइ मोरङको फोन नं. ०२१-
५०३०४० प्राबिधिक ९८०६७५४०१९ र जोन प्राविधिक एकाइ सुनसरीको फोन नं. ०२५-५६०६७४/ ९८५२०५४१७८ मा सम्पर्क
राख्न सकिने छ ।

मनोज कुमार यादव